**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २७ सितम्बर २०२६**
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**<u>प्रमुख समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले पाकिस्तानमा आतंकी ठेकानाहरूमा सेनाले गरेको सर्जिकल स्ट्राइकले विश्वसामु भारतको आतंक-रोधी नीतिको नयाँ उदाहरण प्रस्तुत गरेको बताउनुभएको छ।
- भाजपा अध्यक्ष नितिन नबीनले आज पश्चिम बंगाल राज्य भाजपा पदाधिकारी सासद, विधायकहरुसग महत्त्वपूर्ण सागठनीक बैठक गर्नुभयो।
- बिस्व हिन्दु परिसदका पुर्व अन्तराष्ट्रिय अद्यक्ष अशोक सिंहलको शतवार्षीकी समारोह आज सिलगढ़ीमा भव्यरूपले पालन गरयो।
- आज विश्व पर्यटन दिवस हो। यस अवसरमा दार्जिलिंग हिमालय रेलवेले स्वछता ही सेवा अभियान अन्तगत बिभिन्न स्थानहरुमा स्वछता अभियान चलाएको छ।
- राज्यका केही जिल्लाहरूमा आजदेखि हल्कादेखि मध्यम वर्षा हुने सम्भावना छ।

**<u>प्रधानमंत्री- मन की बात</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले पाकिस्तानमा आतंकी ठेकानाहरूमा भारतीय सेनाले गरेको सर्जिकल स्ट्राइकले विश्व सामु भारतको आतंक-रोधी नीतिको नयाँ उदाहरण प्रस्तुत गरेको बताउनुभएको छ। आज आकाशवाणीबाट 'मन की बात' कार्यक्रम मार्फत उहाँले भन्नुभयो देशले भोलि अर्थात् 28 सितंबरमा यस स्ट्राइकको दशौं वार्षिकोत्सव मनाउनेछ। श्री मोदीले भन्नुभयो आतंकवाद विरुद्ध सर्जिकल स्ट्राइक गर्न बहादुर भारतीय सैनिकहरूले कसरी नियन्त्रण रेखा पार गरेका थिए भनेर विश्व छक्क परेको थियो। प्रधानमन्त्रीले, जनगणना को पहिलो चरण लगभग सबै राज्यहरूमा पूरा भइसकेको छ र 32 करोडभन्दा अधिक परिवारको डेटा रेकर्ड गरिएको छ। श्री मोदीले मानिसहरूलाई अनलाइन पोर्टल se.census.gov.in मा जानकारी प्रदान गर्न अपील गर्नुभयो। हालसम्म 2 करोड 60 लाखभन्दा अधिक मानिसहरूले मोबाइल मार्फत आफ्नो विवरण दर्ता गरिसकेका छन्। यस्तै प्रधानमन्त्रीले आगामी 2 अक्टूबरमा महात्मा गान्धीको जयन्तीको सन्दर्भमा स्वच्छता बापूको जीवनको मार्गदर्शक सिद्धान्तहरू मध्ये एक रहेको उल्लेख गर्नुभयो।

*बाइट*

प्रधानमन्त्रीले भन्नुभयो देशभरि नशा-मुक्त युवा अभियान हाल शुरू भएको छ। उहाँले भन्नुभयो नशामुक्त युवा र विकसित भारतको संकल्पलाई अधाड़ी बढ़ाउन सबैले मिलेर काम गर्नुपर्छ। प्रधानमन्त्रीले यस महिना गणेश उत्सव पूर्ण श्रद्धा र उत्साहका साथ मनाइएको उल्लेख गर्नुभयो। अन्त्यमा, प्रधानमन्त्रीले श्रोताहरूलाई प्रेरणादायी कथाहरू साझा गर्न आग्रह गर्नुभएको छ, यी जानकारीहरुले अरूलाई पनि प्रेरणा दिन्छन्।

**<u>प्रधानमंत्री नरेंद्र मोदी- जनसेवाको 25 वर्ष</u>**

प्रधानमंत्री नरेंद्र मोदीले जनसेवाको 25 वर्ष पूरा गर्दै हुनुहुन्छ। जनसेवाले देशसेवाको मंत्र र सेवा तथा सुशासन प्रतिको प्रतिबद्धताका साथ उहाँको यो यात्रा आज पनि जारी छ। यसै दृष्टिकोणका साथ सरकारले वर्ष 2047 सम्म विकसित भारतको लक्ष्यलाई हासिल गर्ने दिशामा लगातार काम गरि रहेकोछ। समावेशी विकास र सामाजिक सशक्तिकरणको माध्यमले मानिसहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रयास लगातार गरिन्दैछ। सेवा संकल्प अभियानको यस विशेष श्रृंखलामा आज हमिले कुरा प्रधानमंत्री नरेन्द्र मोदीको एक जिल्ला एक उत्पाद योजनाबारे कुरा गर्नेछौं। प्रधानमंत्री नरेन्द्र मोदी यसबारे भन्नु हुन्छ।

*....बाईट श्री मोदी....*

यसबारे सुन्नु होस हाम्रा सम्वाददाको एक रिपोर्ट।

*....बाईट....*

**भाजपा अध्यक्ष - पश्चिम बंगाल भ्रमण**

भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रीय अध्यक्ष नितिन नवीन अहिले दुई दिने पश्चिम बंगाल भ्रमणमा हुनु हुन्छ। उहाँले पार्टी पधाधिकारीहरूका साथ कोलकाताको विश्वबांगला कन्भेन्सन सेन्टरमा प्रधानमंत्री नरेन्द्र मोदीको मन की बात कार्यक्रममा सहभागिता गर्नु भयो। त्यस पछि उहाँले राज्य भाजपा पदाधिकारीहरूसित महत्वपूर्ण सांगठनिक बैठक गर्नु भयो। बैठकमा जिल्ला अध्यक्ष देखि लिएर प्रदेश पदाधिकारीहरू साथै विधायक, सांसदहरू उपस्थित थिए। बैठकमा पार्टीको आधार बलियो बनाउने, प्रधानमंत्री नरेन्द्र मोदीको जनसेवाका 25 वर्षको उपलक्ष्यमा पालन भइरहेको सेवा संकल्प अभियान, पार्टी र सरकार बीचको तालमेल अनि जन आकांक्षाबारे विस्तृत छल गर्नु भयो। यस बैठकमा पार्टी अध्यक्ष समिक भट्टाचार्य, मुख्यमंत्री सुभेन्दु अधिकारी, उहाँका मंत्रीहरू, पार्टी प्रभारी सुनिल बंसल आदिको उपस्थिति थियो।

*बाईट*

**विहिप पूर्व अध्यक्ष**

विश्व हिन्दु परिषदले संगठनका पूर्व अन्तर्राष्ट्रीय अध्यक्ष दिवंगत अशोक सिंहलको शतवार्षीकी समारोह आज सिलगढ़ीमा भव्यरूपले पालन गरयो। मुख्य अतिथि सिक्किमका राज्यपाल श्री ओम प्रकाश माथुरले सिंहलको समर्पित जीवन विश्व हिन्दु परिषदको कार्य विस्तार श्री राम मन्दिर आन्दोलनमा अग्रणी भूमिका आदिमाथि प्रकाश पार्नुभयो। अशोक सिंहल विश्व हिन्दु परिषदलाई बलियो आधार प्रदान गर्ने देशभरिका साधु सन्तहरू अनि हिन्दु समाज जागरणमा अद्वितिय भूमिका निभाएका थिए।

**पर्यटन दिवस**

आज विश्व पर्यटन दिवस हो। यस वर्ष विश्व पर्यटन दिवसको विषय  पर्यटनलाई नयाँ रूपमा विकसित गर्नका लागि डिजिटल एजेन्डा र आर्टिफिशियल इंटेलिजेंस रहेको छ। यो विषयले पर्यटनको भविष्यलाई आकार दिन प्रविधिको भूमिकामा जोड दिँदछ। यसैबीच विश्व पर्यटन दिवसको अवसरमा दार्जिलिङका सांसद राजु बिष्टले दार्जिलिङ हिमालयन रेलवेलाई Lonely Planet's Best in Travel 2027 का लागि विश्वभरबाट छनोट गरिएका २५ अनुभव मध्ये एकमा समावेश गरिएकोमा बधाई दिनु भएको छ। यस अवसरमा दार्जिलिंग हिमालय रेलवेले स्वछता ही सेवा अभियान अन्तगत बिभिन्न स्थानहरुमा स्वछता अभियान चलाएको छ।

**नेपालमा हिमपहिरो**

पश्चिमी नेपालको तिब्बती सीमा नजिकै रहेको हिमलुङ हिमालको आधार शिविरमा आज बिहान गएको हिमपहिरोको चपेटमा परी १० जना बेपत्ता भएका छन्। खराब मौसमका कारण पर्वतारोहीहरूलाई तत्कालका लागि अघि नबढ्न सुझाव दिइएको छ।

**मौसम**

राज्यका केही जिल्लाहरूमा आजदेखि हल्कादेखि मध्यम वर्षा हुने सम्भावना छ। अलिपुर मौसम विभाग अनुसार राज्यका अधिकांश भागहरूमा बादल लाग्नको साथै कतिपय स्थानहरूमा मेघ गर्जनसितै पानी पर्नसक्छ। उत्तर बङ्गालमा वर्षाको प्रभाव अपेक्षाकृत अधिक रहने सम्भावना छ। दार्जीलिङ, कालेबुङ पहाड़ी एवं वरपरका क्षेत्रहरूमा घना वर्षा हुनसक्छ। पहाड़ी क्षेत्रहरूमा लगातार वर्षाको कारणले स्थानीय स्तरमा सतर्कता अप्नाउने सल्लाह दिइएको छ।

**********